
# लेखापरीक्षण प्रतिवेदन

# त्रिवेणी गाउँपालिका, सल्यान

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## त्रिवेणी गाउँपालिका, सल्यान

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**कर्णाली प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-६

च.न.:FAR/2080-81/LOC/152

विषय: **लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्षज्यू,

त्रिवेणी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
सल्यान।

## कैफियतसहितको राय

हामीले त्रिवेणी गाउँपालिका, सल्यानको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेस गरेको प्रासी र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. ७ करोड २ लाख १८ हजार, स्थानीय तह प्रशासकीय भवन पुर्वाधारको रु. १७ लाख १५ हजार, गरिबसँग विश्वेश्वर कार्यक्रमको रु. ४ लाख १४ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. २ लाख १० हजार र आन्तरिक मामिला तथा कानून मन्त्रालयको रु. २ लाख ८८ हजार समेत गरी रु. ७ करोड २८ लाख ४६ हजार समावेश गरेको छैन।

२. पालिकाको रु. ९० करोड २ लाख ६७ हजार लेखापरीक्षण गरिएकोमा रू. ९८ लाख ९३ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु.४६ लाख ४८ हजारको प्रतिक्रियाबाट फस्यौंट भई रु. ५२ लाख ४५ हजार बेरुजु कायम भएको छ । बाँकी बेरुजुमध्ये असुल गर्नुपर्ने रू. ८९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २ लाख ४५ हजार र नियमित गर्नुपर्ने रु. ४९ लाख ११ हजार रहेको छ। गत वर्षसम्म रु. १६ करोड ५५ लाख ६७ हजार बेरुजू बाँकी रहेकोमा

हालसम्मको अद्यावधिक बेरुजू रु.१३ करोड २८ लाख ९९ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. पालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने त्रिवेणी गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यो पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी त्रिवेणी गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटी पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटीका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( राम प्रकाश महतो )

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ६४ | २९ | ९८,९३,८९४ | ० | १६ | ४६,४८,५२९ | ० | ६४ | १३ | ५२,४५,३६५ | ८९,८६२ | ४९,१०,६३० | २,४४,८७३ | ० | ० | ५१,५५,५०३ | ० |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सल्यान | १६,५५,६७,००८ | ० | ३,७९,१३,२२५ | १२,७६,५३,७८३ | ० | ५२,४५,३६५ | १३,२८,९९,१४८ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ६५ | स्थानीय भत्ता | ३३,१२० |
| २ | २०८०/८१ | ५६ | बैठक भत्ता | ६,९७० |
| ३ | २०८०/८१ | ५९ | बढी दरमा दैनिक तथा भ्रमण भत्ता भुक्तानी | ३,८५० |
| ४ | २०८०/८१ | ६३ | फरक शिर्षक | ११,१०,६५० |
| ५ | २०८०/८१ | ४९ | पारिश्रमिक कर | ६,९४५ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ६ | २०८०/८१ | ६७ | छात्रवृत्ति अनुदान | ४०० |
| ७ | २०८०/८१ | ५७ | कार्यालय समयमा बैठक भत्ता | १३,३४५ |
| ८ | २०७९/८० | विभिन्न | पालिका चालु | २७,५२,८९६ |
| ९ | २०७९/८० | विभिन्न | परामर्शदाताबाट कार्य | ६४,७०,३७२ |
| १० | २०७९/८० | विभिन्न | ठेक्का व्यवस्था | २५,४४,०२२ |
| ११ | २०७९/८० | विभिन्न | उपभोक्ता समितितर्फ | ६७,१२,४९५ |
| १२ | २०७९/८० | विभिन्न | आन्तरिक लेखापरिक्षण प्रतिवेदन | ३३,७६,३५१ |
| १३ | २०७८/७९ | विभिन्न | नमुना जनता माध्यमिक बिद्यालय | ५७,००,००० |
| १४ | २०८०/८१ | २२ | राजस्व बाँडफाँड | १७,५८,९४० |
| १५ | २०८०/८१ | ४४.३ | गाउँपालिका प्रशासकीय भवन निर्माण | १७,१४,३०९ |
| १६ | २०७९/८० | विभिन्न | पेश्की व्यवस्थापन | १५,५८,२७० |
| १७ | २०७७/७८ | विभिन्न | विद्यालय संचालन तथा व्यवस्थापन | ८५,५७,५०७ |
| १८ | २०७७/७८ | विभिन्न | राजस्व बाँडफाँड | २,४१,३१२ |
| जम्मा | | | | ४,२५,६१,७५४ |

# (८०६६०५०६३०० - त्रिवेणी गाउँपालिका, सल्यान )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय लोकतन्त्र स्थापना गरी लाभ जनतासम्म पुर्याउने समानुपातिक समावेशी र न्यायोचित वितरणद्वारा कानूनी राज्य र दिगो विकासको अवधारणा अनुरुप ३ तहको सरकार विचको सहकारिता, सहअस्तित्व र समन्वय प्रवर्धन गरी उत्तरदायित्व र जिम्मेवारीको पारदर्शिता निश्चिता गरी सुलभ र गुणस्तरीय सेवा प्रदान गर्न २०७३ सालमा यो गाउँपालिकाको स्थापना भएको हो । कर्णाली प्रदेश, सल्यान जिल्ला स्थित १६६२४ जनसंख्या भएको यो गाउँपालिकामा ६ वडा र ११९.११ वर्ग कि.मि. क्षेत्रफल रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।०७।२८ देखि २०८१ ।०९।०६ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको रु. ९० करोड २ लाख ६७ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । उक्त रकमको विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** सम्परीक्षणको क्रममा निम्नानुसार रु. १,५४,४५१/- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | सम्परीक्षणको क्रममा असुली प्रमाण पेस भएको | १५४४५१ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## २ **स्थानीय संचित कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस गाउँपालिकाले वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आय-व्यय हिसाबको आर्थिक वर्ष २०८०।८१ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।

२.१ **वित्तीय प्रतिवेदन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नानुसार देखिएको छः

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | |
|---|---|---|
| **आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१ - २०८१/०३/३१** | | |
| **क्र.स.** | **विवरण** | **रकम** |
| १ | कर | ६,०६,७१,०२५.९३ |
| २ | अनुदान | २६,५२,९९,१८७.५६ |
| ३ | अन्य राजस्व | १,६१,४९,३५१.७६ |
| **क** | **कुल जम्मा प्राप्ति** | **३४,२१,१९,५६५.२५** |
| **१** | **चालु** | **२४,६२,४५,२०७.५४** |
| १.१ | पारिश्रमिक / सुविधा | १३,८८,६९,६३०.९८ |
| १.२ | मालसामान तथा सेवाको उपयोग | ८,३७,०७,५४१.८६ |
| १.३ | सहायता (Subsidy) | २,४९,५४३.०० |
| १.४ | अनुदान | १,५०,२७,७८५.७० |
| १.५ | सामाजिक सुरक्षा | ६०,२७,२६५.०० |
| १.६ | अन्य खर्च | २३,६३,४४१.०० |
| **२** | **पूंजीगत** | **१०,७४,०१,५३२.००** |
| २.१ | भवन तथा संरचना | ३,३५,४४,३५०.०० |
| २.२ | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ४६,८४,६७१.०० |
| २.३ | अन्य पूँजीगत खर्च | २,१८,९४०.०० |
| २.४ | सार्वजनिक निर्माण | ६,८४,१६,३०१.०० |
| २.५ | निर्मितसरचनाको सुधार खर्च | ५,३७,२७०.०० |
| २.६ | पूँजीगत सुधार खर्च | ० |
| **ख)** | **कुल जम्मा भुक्तानी** | **३५,३६,४६,७३९.५४** |
| ग) | बचत /कमी (ग = क-ख ) | (१,१५,२७,१७४.२९) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | (२७,४८,३६५.०२) |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | -५२२. |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | (१,४२,७५,५३९.३१) |
| **च)** | **गत आ.व.को नगद तथा बैंक मौज्दात** | **५,९४,६८,८१८.२१** |
| **छ)** | **आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( छ= ङ+च)** | **४,५१,९३,२७८.९०** |

**कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट निकासा प्राप्त**

| बजेटउपशिर्षक | कार्यक्रम | वार्षिक बजेट | निकासा | खर्च |
|---|---|---|---|---|
| ३१४०१०१२३ | सामाजिक सुरक्षा तथा संरक्षण | ७१२३२४२४ | ७०२१८४४० | ७०२१८४४० |
| ३४०००१०५३ | स्थानीय तह प्रशासकीय भवन पुर्वाधार | ३०००००० | १७१५७६९ | १७१५७६९ |
| ३३६००१०२३ | गरिबसँग विश्वश्वर कार्यक्रम | ४१५००० | ४१४०३९ | ४१४०३९ |
| ३७०००११४३ | स्वास्थ्यक्षेत्र सुधार कार्यक्रम | ४५०००० | २१०००० | २१०००० |
| **जम्मा** | | **७५०९७४२४** | **७२५५८२४८** | **७२५५८२४८** |

**प्रदेश लेखा इकाईबाट निकासा प्राप्त**

| बजेटउपशिर्षक | कार्यक्रम | वार्षिक बजेट | निकासा | खर्च |
|---|---|---|---|---|
| ३१४०००११३ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | २८८००० | २८८००० | २८८००० |
| **जम्मा** | | **२८८०००** | **२८८०००** | **२८८०००** |

२.२ **वित्तीय विवरणको यथार्थता** : पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।पालिकाले आर्थिक कारोवार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ ।तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ७,०२,१८,४४०/-, स्थानीय तह प्रशासकीय भवन पुर्वाधारको रु. १७,१५,७६९/-, गरिबसँग विश्वश्वर कार्यक्रमको रु. ४,१४,०३९/-, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. २,१०,०००/- र आन्तरिक मामिला तथा कानून मन्त्रालयको रु. २,८८,०००/- समेत गरी रु. ७,२८,४६,२४८/- सुत्रमा लेखा राखेको छैन । जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

२.३ **फरक हिसाव** : यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार यस वर्षको प्राप्ति रु. ९,९०,७१,७६४/९७, यस वर्षको भुक्तानी रु. १०,१८,७६,०२८/४५ र बाँकी मौज्दात रु. २८,०४,२६४/२० फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षकोजिम्मेवारी | यसवर्षकोप्राप्ति (आय) | यसवर्षकोभुक्तानी (व्यय) | बाँकी मौज्दात |
|---|---|---|---|---|
| एकीकृत आर्थिक विवरण अनुसार | ५९४६८८१८.२१ | ४४११९१३३०.२२ | ४५५५२२७६७.९९ | ४५१३७३८०.४४ |
| सुत्र अनुसारको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ५९४६८८१८.२१ | ३४२११९५६५.२५ | ३५३६४६७३९.५४ | ४७९४१६४४.६४ |
| **फरक** | **०.००** | **९९०७१७६४.९७** | **१०१८७६०२८.४५** | **२८०४२६४.२०** |

२.४ **बैङ्क हिसाव विवरण** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ । पालिकाको वित्तीय विवरण अनुसार श्रेस्ता र बैङ्क मौज्दात विवरण देहाय अनुसार रहेको छ । श्रेस्ता भन्दा बैंकमा रु. १५,१७०/९२ घटी रहेकोले उक्त रकम एकिन गरी घटी रकम बैंक दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.

| खाता | स्रेस्ता अनुसारमौज्दात रु. | बैङ्कस्टेटमेन्ट अनुसारको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| आन्तरिक राजस्व खाता (ग १-१) | | | |
| स्थानीय तह बिभाज्य कोष (ग ६-१) | | | |
| चालू खर्च खाता- विजोर वर्ष (ग २-१) | | | |
| पुँजीगत खर्च खाता- विजोर वर्ष (ग २-३) | | | |
| स्थानीय तह सञ्चित कोष खाता (ग ४-१) | ३६३२१६९२.९२ | ३६३०६५२२. | १५१७०.९२ |
| स्थानीय तह धरौटी खाता (ग ३-१) | ६३३१०९४ | ६३३१०९४. | |
| विविध खर्च खाता (ग२-७) | १४१३६४४.९८ | १४१३६४४.९८ | |
| स्थानीय तह विविध कोष खाता (५-१) | ८००००० | ८०००००. | |
| प्रकोप व्यवस्थापन कोष खाता (ग ७-२) | २८६११९ | २८६११९. | |
| **जम्मा** | **४५१५२५५०.९** | **४५१३७३७९.९८** | **१५१७०.९२** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,१७०.९२ |

२.५ **शसर्त अनुदान फिर्ता** : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सङ्घीय तथा प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सम्बन्धित सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार संघिय सशर्त अनुदान तर्फ रु. २,११,४१,३४१/- र प्रदेश सशर्त अनुदानतर्फ रु. १७८३२/५० खर्च नभई बाँकी रहेकोमा पालिकाले २०८१/०३/२९ मा फिर्ता गरेको छ ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | खर्च नभई बाँकी | फिर्ता रकम |
|---|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | १७३४५८०००. | १५२३३९८१८. | २११९८१८२. | |
| | विषेश | ४७८६२८३. | ४७६३१२४ | २३१५९. | |
| | समपुरक | १२७६४७२. | १२७६४७२ | ०. | |
| **जम्मा** | | **१७९५२०७५५.** | **१५८३७९४१४.** | **२११४१३४१.** | **२११४१३४१.** |
| प्रदेश सरकार | शसर्त | १३१२५६९६. | १३११०११२ | १५५८४. | |
| | विषेश | २७७०१३०. | २७७०१३० | ०. | |
| | समपुरक | ९३३९५३०. | ९३३७२८२ | २२४८.५ | |
| **जम्मा** | | **२५२३५३५६.** | **२५२१७५२३.५** | **१७८३२.५** | **१७८३२.५** |
| **कुल जम्मा** | | **२०४७५६१११.** | **१८३५९६९३७.५** | **२११५९१७३.५** | **२११५९१७३.५** |

२.६ **बजेट पेश पारित र अख्तियारी** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०८०/३/१० मा रु. ४० करोड ७१ लाख ६५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०/३/१५ मा पारित भएको छ । यसैगरी पालिकाका प्रमुखले मिति २०८०/३ /२२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

२.७ **खर्च बिश्लेषणः** गाउँपालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु. ६१,५९,६२८/- राजस्व बाँडफाँटबाट रु. ७,०६,०७,०९९/- र अनुदानबाट रु. २८,६४,५६,११३/- समेत रु. ३६,३२,२२,८४०/- आम्दानी भएकोमा गत वर्षको मौज्दात समेतबाट चालु तर्फ रु. २४,६२,४५,२०७/- र पूँजिगत तर्फ रु. १०,७४,०१,५३२/- समेत रु. ३५,३६,४६,७४०/- खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.७४ प्रतिशत मात्र रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रू. ५५ लाख ८ हजार खर्च भएको छ जुन आन्तरिक आयको ८९.४१ प्रतिशत बढी रहेको छ । गाउँपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट प्रतिशत चालु र प्रतिशत पूँजिगत खर्च भएको देखिन्छ । यसबाट गाउँपालिकाले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिक रुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## ३ योजना तथा वजेट कार्यान्वयन

यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।

• आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुँजीगत खर्च रु. १० करोड ७४ लाख १ हजार भएकोमा प्रथम त्रैमासिकमा रु. ८१ लाख ३ हजार, दोश्रो त्रैमासिकमा रु.६६ लाख ९४ हजार, तेश्रो त्रैमासिकमा रु. ३ करोड ५५ लाख २० हजार र चौथो त्रैमासिकमा रु.५ करोड ७० लाख ८३ हजार खर्च गरेको छ । उक्त खर्च मध्ये असार महिनामा मात्रै रु. ३ करोड ५० लाख १४ हजार खर्च भएको देखिन्छ। वर्षान्तको खर्च उच्च रहेको छ ।

• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको खरिद कार्य गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु. १० करोड ७४ लाख १ हजारको खरिद गरेकोमा खरिद गुरुयोजना तयार गरेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ अनुसार यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट रु.६ करोड १२ लाख ७८ हजार रकमान्तर गरेको छ। उक्त रकम वजेटको तुलनामा १५ प्रतिशत हुन्छ। आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन ।

उल्लेखित अवस्थाका कारण गाउँपालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन । तसर्थ गाउँपालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान पर्दछ ।

## ४ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका लागी क्षेत्रगतरुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च (प्रतिशतमा) |
|---|---|---|---|
| आर्थिक विकास | ३१८२०००० | २९४७८९६६ | ९२.६४ |
| सामाजिक विकास | २०५६९२००० | १७४१०५८५९ | ८४.६४ |
| पूर्वाधार विकास | ११४७०५००० | ७६०५०४९७ | ६६.३ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २८२९००० | २५९१९०६ | ९१.६२ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | ८९९४८४६४ | ७१४१०५११ | ७९.३९ |
| **जम्मा** | **४४४९९४४६४** | **३५३६३७७३९** | **७९.४७** |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये ७९.४७ प्रतिशत खर्च भएको छ । क्षेत्रगतरुपमा हेर्दा पुर्वाधारको क्षेत्रमा बजेट खर्च न्यून भएको देखिन्छ ।

## ५ योजनाको प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची-३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी, दीगो विकास र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार कुल १५६ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका | रु.५ लाख देखि २० लाख सम्म | रु.५लाख भन्दा कम |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | ८३ | ६ | २६ | ५१ |
| २ | वडास्तरीय | ७३ | | | ७३ |
| **जम्मा** | | **१५६** | **६** | **२६** | **१२४** |
| **कार्यान्वयनभएका योजना** | | ५ | | | ५ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिको खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । स्वीकृत योजना मध्ये ५ योजना कार्यान्वयन नभई बाँकी रहेको देखिन्छ । समयमा खरिद कारबाही नहुनु र बजेट अनिश्चितता तथा तोकिएको समय तालिका अनुसार बजेट निकासा नभएका कारण उक्त योजनाहरु कार्यान्वयन नभएको कार्यालयको भनाई रहेको छ । पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

## ६ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था छ । पालिकाले ऐनमा भएको व्यवस्था अनुसार समिति गठन गरेको छैन । समिति गठन नगरिँदा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

## ७ बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) मा स्थानीयतहमा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्ने ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको

खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फागुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी कार्य समयमा गरेको छैन । अत: बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधिको तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

## ८ सार्वजनिक सम्पत्तिको रेखदेख

स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको र अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु गराउनु र अभिलेख राख्नु पर्दछ ।

## ९ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वियनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

## १० सम्पत्ति व्यवस्थापन र सुरक्षा

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखिएको सम्पति तथा जिन्सी मालसामान अवस्थाको बारेमा वर्षमा एक पटक आफै वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तीमा तीन सदस्यीय समिति गठन गरी सो समितिबाट निरीक्षण गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था रहेको छ। यस्तो प्रतिवेदनमा मर्मत सम्भार, संरक्षण तथा लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको विवरण तयार गरी प्रतिवेदन गर्नुपर्दछ ।

## ११ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ मा स्थानीयतहमा एक न्यायिक समिति गठन हुने व्यवस्था छ । त्यस्तै दफा ५३ मा त्यसरी गठन भएको न्यायिक समितिले आफूले गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्बन्धित सभामा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार न्यायिक समितिमा यस वर्ष दर्ता भएका १० वटा उजुरी मुद्दा दर्ता भएकोमा सबै उजुरी फर्छ्यौट देखिन्छ ।अतः ऐनमा भएको व्यवस्थाको पूर्ण पालना हुनुपर्दछ।

## १२ कानून निर्माण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा स्थानीय तहले आफ्नो क्षेत्राधिकार भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड स्वीकृत गराई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । पालिकाले हालसम्म ऐन १५, नियमावली ४, कार्यविधि २३ गरी जम्मा ४३ वटा कानून निर्माण गरेको विवरण प्राप्त भएको छ । स्थानीय सरकार सञ्चालन ऐनको परिधिभित्र रही पालिकाले कानुन कार्यान्वियन गर्नु पर्दछ ।

## १३ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था बमोजिम दरवन्दी स्वीकृत र पदपूर्ति गर्नुपर्नेमा पालिका गठन हुदा संघिय मामिला तथा सामान्य प्रशासन मंत्रालयवाट प्राप्त दरबन्दी बमोजिम कार्य सञ्चालन हुँदै आएको छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार प्रमुख प्रशासकीय अधिकृत सहित ४७ जनाको स्थायी दरबन्दी स्वीकृत रहेको र दरबन्दी बाहेक विभिन्न कार्यक्रम अन्तर्गत २६ जना दरबन्दी रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशासकीय अधिकृत सहित ९९ जना पदपूर्ति भएको देखिन्छ ।लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका सव-ईन्जिनियर-१,असिस्टेन्ट सब-इन्जिनियर-२ समेत गरी १५ पदहरू रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । दरबन्दी बमोजिम जनशक्तिको समयमा पूर्ति नहुँदा पालिकाको कार्य सम्पादनमा असर परेको छ। रिक्त पदहरू पूर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ ।

१४ **तलवी प्रतिवेदन**

निजामती सेवा ऐन, २०४९ को दफा ७ (२ ख) मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने व्यवस्था छ । पालिकामा कार्यरत कर्मचारीहरुको रु.१,७९,७७,८५९/- स्वास्थ्यतर्फको रु.१,७५,५७,८७३/- गरी रु. ३,५५,३५,७३२/- तलव खर्च लेखेकोमा तलव प्रतिवेदन पारित गरेको छैन । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१५ **कर्मचारी व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन ।पालिकाले सब इन्जिनियर रिक्त पद १ र असिस्टेन्ट सब इन्जिनियर रिक्त २ पद गरी ३ पदहरूमा माग आकृति फाराम भरी लोक सेवा आयोगमा पठाएकोमा उक्त सब इन्जिनियर र असिस्टेन्ट सब इन्जिनियर पद प्रदेश लोक सेवा आयोगको बढुवा तर्फ गणनामा रहेको र त्रिवेणी स्वास्थ्य चौकीमा दरबन्दी करारमा १ डाक्टर व्यवस्था गरी सेवा सुदृढ गराएको र आधारभूत स्वास्थ्य केन्द्रहरु संचालन तथा व्यवस्थापनको लागि स्वीकृति दरबन्दीमा ८ जना अनमी/अहेव गरी करारमा रु.३९,७८,१३०/- भुक्तानी गरेको पाइयो।कार्यबोझको आधारमा संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत गरी कानुन बमोजिम पारदर्शी हिसाबले कर्मचारी नियुक्ती गरी तलब भत्ता खर्च लेख्नुपर्नेमा पालिकाले सो अनुसार गरेको पाइएन । ऐनको व्यवस्था विपरित करारमा कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

| क्र.स | पद | कर्मचारी संख्या | रकम रु. |
|---|---|---|---|
| १ | सब इन्जिनियर | १ | ४५१४९० |
| २ | असिस्टेन्ट सब इन्जिनियर | २ | ८५५४५२ |
| ३ | अ.न.मी/अ.हे.व. | ९ | २६७११८८ |
| | **जम्मा** | **१२** | **३९७८१३०** |

| | |
|---|---|
| अनियमित भएको | ३९,७८,१३० |

१६ **चौमासिक प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा प्रमुख प्रशासकीय अधिकृतले पालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने र आफ्नो आय र व्ययको विवरण प्रत्येक महिनाको सात गतेभित्र सार्वजनिक गर्नुपर्ने, स्थानीय सञ्चित कोषमा भएको आय–व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था बमोजिम प्रतिवेदन गरेको देखिएन । ऐनको व्यवस्थाको पालना हुनुपर्दछ ।

## १७ फोहरमैला व्यवस्थापन

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

## १८ कर्मचारी कल्याण कोष

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ।पालिकाले यो वर्ष कर्मचारी कल्याण कोषमा कुनै रकम जम्मा गरेको देखिँदैन । ऐनमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ।

## १९ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेकोमा प्रभावकारीरुपमा लागू भएको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

• पालिकाले यस वर्ष कार्य सञ्चालन निर्देशिका तर्जुमा नगरी बैठक भत्ता वापत रु. ९ लाख १७ हजार खर्च गरेको छ ।

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको छैन ।

• सञ्चालित योजनाको सूचनापाटीमा आय/व्यय अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा गाउँपालिकाको आन्तरिक लेखापरीक्षण गराएको देखिएन।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु लागत सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु. २७ लाख ७ हजार खर्च लेखेकोमा तोकिएको ढाँचामा अनुगमन प्रतिवेदन पेश गर्ने गरेको छैन साथै भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विविध खर्च शीर्षकमा रू. १५ लाख ४५ हजार खर्च गरेको छ । पालिको आन्तरिक आम्दानी

जम्मा रु. ६१ लाख ६० हजार रहेकोमा उक्त आम्दानीको २५.०८ प्रतिशत विविध शीर्षकमा खर्च भएको देखिन्छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२० **आयको अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ बिभिन्न शीर्षकमा अनुमानित रु. ५४ लाख १० हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा रु.६९ लाख १६ हजार (१२७.८४ प्रतिशत) प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ ध्यान दिन आवश्यक देखिएको छ ।

| क्र.सं. | आम्दानी शीर्षक | वार्षिक अनुमानित आय | आम्दानी | असुली प्रतिशत |
|---|---|---|---|---|
| १ | सिफारिशदस्तुर | १५३०००० | १२९९७७५ | ८५ |
| २ | भुमिकर/मालपोत | ८५०००० | ८८५३७९ | १०४.१६ |
| ३ | घर कर | २३०००० | २१७७६४ | ९४.६८ |
| ४ | व्यक्तिगत घटना दर्ता दस्तुर | १५०००० | १२४३२४ | ८३ |
| ५ | व्यवसाय कर | १६०००० | २६९७० | १७ |
| ६ | घरजग्गा रजिष्ट्रेशन | १०५०००० | ८२२५५५ | ७८ |
| ७ | वहाल कर | ७०००० | ८०००० | ११४.२८ |
| ८ | नदीजन्य कर | ६७०००० | २२५२६५८ | ३३६ |
| ९ | अन्य सेवा शुल्क | ६५०००० | ११६१०४४ | १७९ |
| १० | विविध | ५०००० | ४५५७२ | ९१.१४ |
| **जम्मा** | | **५४१००००** | **६९१६०४१** | **१२७.८४** |

२१ **कर तथा शुल्क असुली**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । यी आय शीर्षकमा आय अनुमान र असुली स्थितिको विवरण प्राप्त गर्न सकिएन । पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

२२ **राजस्व बाँडफाँड**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **१,७५८,९४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२३ **प्राकृतिक श्रोत विक्री**

कर्णाली प्रदेश नदी तथा खानीजन्य स्रोत उत्खनन, सङ्कलन तथा बिक्री वितरणलाई व्यवस्थित गर्ने कार्यविधि, २०७९ को बुँदा ३ बमोजिम कार्ययोजना तयार गर्नुपर्ने, बुँदा ४ बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराउनु पर्ने बुँदा ५ मा नदी तथा खानीयोग्य स्रोतको उत्खनन र सकंलन गर्दा अपनाउनु पर्ने विधि तथा बुँदा ७ मा घाटगद्दी गर्नुपर्ने व्यवस्था छ । उक्त कार्यविधिको पालना गरी नदी तथा खानीजन्य स्रोत उत्खनन, सङ्कलन तथा बिक्री वितरणलाई व्यवस्थित गर्नुपर्नेमा पालिकाको कार्यक्षत्र भित्र ढुंगा गिट्टी उत्खनन तथा बिक्रि वितरण गरेको तथा नदी तथा खानीजन्य सामग्री प्रयोग गरी व्यक्तिगत तथा सरकारी संरचनाहरु निर्माणभै रहेको देखिए पनि विक्रि वितरणको लागि उचित व्यवस्थापन नगरेकोले प्राकृतिक श्रोतवाट आय प्राप्त गरेको छैन । यस तर्फ पालिकाको ध्यान जानु जरुरी छ ।

२४ **मर्मत खर्च**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९६(१) मा मालसामान मर्मत गर्नुपर्ने भएमा सोको लागत अनुमान स्वीकृत गराउनु पर्ने र नियम ९६ (३) मा पाँच हजार माथिका पार्टपूर्जा फेर्नुपर्ने भएमा सोको जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले यो वर्ष सवारी साधन मर्मतमा रु. २४,८८,९८०/- खर्च गरेकोमा मर्मत कार्यको लागत अनुमान तयार गरी स्वीकृत गरेको छैन । साथै फेरीएको पार्टपुर्जाको जिन्सी दाखिला गरेको छैन।नियमावलीको व्यवस्था अनुसार लागत अनुमान तयार नभएको तथा फेरीएका पार्टपुर्जाको जिन्सी दाखिलासमेत नगरेकोले खर्चको वास्तविकता यकिन गर्न सकिएन।

२५ **घर भाडा**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९४(१) अनुसार क्षेत्रिय र जिल्ला स्तरको सार्वजनिक निकायको हकमा त्यस्तो निकाय र जिल्ला प्रशासन कार्यालय,जिल्ला समन्वय समिति र कोष तथा लेखा नियन्त्रक कार्यालयको सूचनापाटीमा कम्तिमा ७ दिनको सूचना टाँसगरी भाडाको प्रस्ताव माग गर्नु पर्ने र उपनियम ४ अनुसार घर भाडा निर्धारण समितिले तय गरेको दर रेटको आधारमा घर भाडा भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।पालिकाले ३ नं वडा कार्यालय, ६ नं वडा कार्यालय, ५ नं वडा कार्यालय, प्राविधिक शाखा, कृषि शाखा, शिक्षा शाखा, पशु शाखा लगायत अन्य कार्यका लागि घरभाडा वापत रु. १३,८२,१००/- भुक्तानी गरेकोँ पाईयो ।घर भाडामा लिँदा घर भाडा निर्धारण समितिले तय गरेको दर रेटको आधारमा मात्र लिनुपर्दछ ।

२६ **विज्ञापन**

विज्ञापन (नियमन गर्ने) नियमावली,२०७७ को ११(क)(२) मा १ बमोजिम विज्ञापन एजेन्सी मार्फत मार्फत कारोबार गराउँदा बोर्डमा सूचीकृत विज्ञापन एजेन्सी मध्येबाट खुला र पारदर्शी प्रक्रियाको आधारमा विज्ञापन एजेन्सीको छनौट गरी गर्नुपर्ने व्यवस्था छ । पालिकाले सो व्यवस्थामा उल्लेख भएबमोजिम प्रतिशपर्धाको माध्यमबाट सूचना प्रकाशन नगरी रु.१३,८४,७९८/- खर्च गरेको छ । विज्ञापनको प्रतिस्पर्धा आव्हान गर्दा कम (अन्य निकाय, स्थानीय तहहरुको अभ्यासमा हेर्दा विज्ञापन प्रतिस्पर्धाको माध्यमबाट करिब ७० प्रतिशित सम्म छुट भएको देखिन्छ) मूल्यमा विज्ञापन प्रकाशन गर्न सक्ने अवस्था रहेको छ । तसर्थ पालिकाले प्रतिस्पर्धाको माध्यमबाट सूचना प्रकाशन तथा प्रसारण गर्नुपर्दछ ।

२७ **स्थानीय भत्ता**

भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(११) मा सरकारी कामको सिलसिलमा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, बैठक भत्ता, तालिम भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने प्रावधान छ। पालिकाले यो वर्ष भ्रमणमा रहेको अवधिमा स्थानीय भत्ता कट्टा गरेको देखिएन । पालिकाले छानविन गरी दैनिक भत्ता उपयोग गरेको अवधिको स्थानीय भत्ता असुल गर्नुपर्दछ ।

२८ **पदाधिकारी सुविधा**

नेपालको संविधानको धारा २२७ मा नगर सभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार कर्णाली प्रदेश सरकारले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी कानूनमा संशोधन र एकीकरण गर्न बनेको ऐन,२०७७ जारी गरेको छ ।उक्त ऐनमा भएको ब्यवस्था अनुसार यस पालिकाबाट आ.व. २०८०/८१ मा देहाय अनुसार रु. ४७ लाख ५८ हजार सुविधा वापत भुक्तानी भएको छ ।

| सि.न | विवरण | अध्यक्ष | उपाध्यक्ष | वडाध्यक्ष ६ जना | कार्यपालिका सदस्य ६जना | सभाका सदस्य २० जना | जम्मा ३४ जना |
|---|---|---|---|---|---|---|---|
| १ | टेलीफोन /मोवाइल | ३६००० | ३६००० | २१६००० | ७२००० | २४०००० | ६००००० |
| २ | पुस्तक पत्रपत्रिकाइन्टरनेट | ३६००० | ३६००० | २१६००० | ७२००० | १२०००० | ४८०००० |
| ३ | अनुगमन | १८०००० | १४४००० | ५७६००० | ३९६००० | ४८०००० | १७७६००० |
| ४ | अतिथि सत्कार | ६०००० | ४८००० | २८८००० | ७२००० | २४०००० | ७०८००० |
| ५ | खानेपानी विजुली | ४८००० | ३६००० | ७२००० | ७२००० | १२०००० | ३६०००० |
| ६ | चाडपर्व खर्च | १५००० | १५००० | ९०००० | ९०००० | ३००००० | ५१०००० |
| ७ | विद्युत तथा उर्जा खर्च | ३६००० | ३६००० | ७२००० | ७२००० | १२०००० | ३३६००० |
| | **जम्मा** | **४११०००** | **३५१०००** | **१५३००००** | **८४६०००** | **१६२००००** | **४७५८०००** |

## २९ ईन्धन खर्च

कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ९ को अनुसुचि १ मा अध्यक्ष सवारी साधनलाई मासिक ७० लिटर, डिजल उपाध्यक्ष मासिक ६० लिटर डिजल र वडाध्यक्ष मासिक १५ लीटर पेट्रोल सवारी इन्धन पाउने व्यबस्था छ । त्यस्तै अर्थ मंत्रालयवाट प्रकाशित सार्वजनिक खर्च मापदण्ड निर्देशिका, २०७७ को दफा ७.१.१६ मा ३० जनासम्म कर्मचारी दरबन्दी रहेको कार्यालयमा मासिक १०० लिटर डिजेल र ७५ लिटर पेट्रोल तथा प्रति मोटरसाईकल १० लिटर पेट्रोल खर्च लेख्ने व्यवस्था छ। पालिकामा पदाधिकारी को लागी २ वटा हलुका सवारी साधन र ६ वटा मोटर साईकल र कार्यालयको लागि मोटरसाइकल १९ प्रयोग भएको देखिएको छ ।सो को लागी यस वर्ष इन्धन (पदाधिकारी) मा रु.११,९६,१९५।-र इन्धन (कार्यालय प्रयोजन) मा रु.११,४१,४२३।- गरी रु.२३,३७,६१८।- बजेट खर्च खर्च भएको देखिएको छ । सवारी साधन प्रयोग गर्दा पालिकाले सवारी साधन प्रयोग गर्ने स्थान, सवारी चलाएको दैनिक मिति तथा सवारी साधनको सुरु र अन्तको मिटर उल्लेख गरी लगबुक राखेता पनी कतिपय सवारी साधनको सुरु तथा अन्तिम मिटर राख्ने नगरेको हुँदा सबै सवारी साधन प्रयोगमा अनिवार्य रुपमा लगबुकको पूर्ण कार्यान्वयन गरी पदाधिकारी तथा सदस्य सुविधा सम्बन्धी ऐन, २०७७ र अर्थ मंत्रालयवाट प्रकाशित सार्वजनिक खर्च मापदण्ड भित्र रहि ईन्धन खर्च गरिनुपर्दछ ।

## ३० समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०८० का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ। तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका आधारभूत तह (१-५) मा ४ जना, आधारभूत तह (६-८) मा १५ जना र माध्यमिक तह (९-१०) मा ४ जना गरी २३ जना शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.७१,९८,५००/- तलब भत्ता भुक्तानी गरेको छ । विकास निर्माणको लागि प्राप्त अनुदान पालिकाले सोही बमोजिम खर्च गर्नुपर्दछ।

## ३१ चालु आर्थिक वर्षको पेश्की

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न निर्माण व्यवसायीलाई दिएको पेश्की रु. १६,८०,०००/- फर्छयौट गर्न बाँकी रहेको उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्दछ।

| पेश्की लिएको मिति | पेश्कीको विवरण | पेश्की लिनेको नाम | रकम |
|---|---|---|---|
| २०८०/१०/०८ | लुहामफलावाङ मख्खनटाकुरी सडक निर्माण | जिमिजयाङकन्सट्रक्सन सेवा | १०००००० |
| २०८०/११/१८ | कोलचौरखोला,कोलचौर खज्जर अनुरुद्र हुँदै दाङ जोड्ने सडक वडा नं. १ | निशानवि.आर.जे.भि | ६८०००० |
| **जम्मा** | | | **१६८००००** |

## ३२ बेरुजु लगत

बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको छ । म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका म. ले. प. फाराम मध्ये पालिकासँग सम्बन्धित म. ले. प. फाराम ८०१ बेरुजु लगत र म. ले. प. फाराम ८०५ सम्परीक्षण गोश्वारा अभिलेख फाराम राखेको पाइएन । यसमा सुधार हुनु पर्दछ ।

## ३३ म.ले.प. फारमहरूको प्रयोग

साविकमा रहेका म.ले.प. फारमहरूको सट्टा नयाँ म.ले.प. नम्बरहरू २०७६ अनुसार म.ले.प.फा. नं. ९०१ देखि ९१० आन्तरिक नियन्त्रण प्रणालीसँग सम्बन्धित फारमहरू जस्तै आई.टि. तथा सफ्टवेयरसँग सम्बन्धित अभिलेख, सवारी साधन तथा मेशिन प्रयोगको लगबुक, रसिद नियन्त्रण खाता, भ्रमण प्रतिवेदन आंशिक रुपमा प्रयोग गरेको देखियो । कार्यालयको कार्यसम्पादनमा मितव्यिता तथा प्रभावकारीता ल्याउन कामको प्रकृतिअनुसार फारमहरूको व्यवस्थित र पूर्ण प्रयोग गर्नुपर्ने देखिन्छ ।

## ३४ आचारसंहिता

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११२ को उपदफा (२) मा निजी स्वार्थ वा हकहित जोडिएका विषयमा संलग्न हुन नहुने, पारदर्शी,जवाफदेही कार्य प्रक्रियाको अवलम्वन गर्ने, सार्वजनिक सम्पत्तिको दुरुपयोग गर्न नहुने लगायत व्यहोरा समेतको आचारसंहिता बनाई लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले हालसम्म यस्तो आचारसंहिता बनाई लागू गरेको छैन । पालिकाले आचारसंहिता बनाई लागु गर्नुपर्दछ।

## ३५ खरिद कारवाहीको अभिलेख

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ (१) अनुसार सार्वजिनक निकायले हरेक खरिद कारबाहीको निम्ति छुट्टै फाईल खडा गरी उपनियम २ ले तोके बमोजिमका कागजातहरु सहित अद्यावधिक अभिलेख राख्नु पर्ने र उपनियम ३ मा यस्तो अभिलेख खरिद कारबाही टुङ्गो लागेको सात वर्ष सुरक्षित राख्नु पर्ने व्यवस्था छ । कार्यालयले बोलपत्र र सिलबन्दी दरभाउपत्रबाट भएका खरिद कारवाहीका लागी फाईल खडा गरेको भएता पनि खरिद नियमावलीले तोके बमोजिमका सबै कागजातहरु सिलसिलेबार मिलाएर उक्त फाईलमा राखेको देखिएन । साथै ठेक्का सम्बन्धी गौश्वार लगत (म.ले.प.फा.नं. ५०७) समेत तयार गरी राखेको पाइएन । जसले गर्दा खरिद कारबाही, ठेक्का व्यवस्थापन र सम्झौता कार्यान्वियन सम्बन्धी कारोबारको परीक्षण गर्न सहज भएन । सबै खरिद कारवाहीको अद्यावधिक अभिलेख राखी खरिद कारवाहीलाई प्रभावकारी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

## ३६ उपभोक्ताको काम

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ। साथै नियमावलीको नियम ९७ (१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममुलक कामको निर्धारिण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारिण गर्न सक्ने उल्लेख छ।पालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरु प्रयोग गरेको, विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको, प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ। उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको हुनुपर्नेमा सो अनुसारको देखिएन। सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको पाईएन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम

उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

३७ **निर्माण कार्यको गुणस्तर**

उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजनाको गुणस्तर सुनिश्चित गर्ने जिम्मेवारी सम्बन्धित उपभोक्ता समिति, अनुगमन समिति र कार्यालयको हो । यसका लागी स्वीकृत ड्रइङ्, डिजाइन र स्पेसिफिकेशन बमोजिम निर्माण सामग्रीको गुणस्तर कायम गर्नुपर्ने, निर्माण विधि र प्रकृया कार्यालयसँग भएको सम्झौता बमोजिम हुनुपर्ने, मितव्ययिताका लागि स्थानीय स्तरमा उपलब्ध, गुणस्तरयुक्त सामग्रीको उपयोग गर्नुपर्दछ । तर यस गाउँ पालिकाले उपभोक्ता समिति मार्फत् भएका निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट, ग्याबियन तारजालीको ल्याब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक मात्रामा गुणस्तर परीक्षण गराउने तर्फ कार्यालयको पहल हुनुपर्दछ ।

३८ **प्राविधिक बिल**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित अधिकांश योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन तथा कार्यसम्पन्न पेश भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था रहेन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति, कार्य सम्पन्न भएको मिति, नापजाँच गरेको मिति लगायतका बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । प्राविधिकले उपभोक्ता समितिको बिल बनाउँदा वास्तविक कार्यसम्पादनमा आधारित भएर बनाउनुपर्दछ।

३९ **आइटम वाइज योगदान**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३ क१) मा साठी लाख रुपैया भन्दा बढीको निर्माण कार्यमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समितिको योगदान हुनुपर्ने व्यवस्था रहेकोमा पालिकामा पेश भएको कार्यसम्पन्न प्रतिवेदनमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समितिको योगदान हुनुपर्नेमा एकमुष्ठ कार्यसम्पन्न प्रतिवेदनमा मात्र उपभोक्ता समितिले पुर्याउनु पर्ने योगदानको अंश पुर्याएको कार्य सम्पन्न प्रतिवेदनबाट देखिन्छ।अत: नियमावलीमा भएको व्यवस्था अनुसार साठी लाख रुपैया भन्दा बढीको निर्माण कार्यमा उपभोक्ता समितिले निर्माण कार्यको प्रत्येक इकाईमा अनिवार्य योगदान हुनुपर्दछ।

४० **हेभिमेशिनको प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन ।

४१ **खरिद व्यवस्थापन**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ ले बार्षिक रु. १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ।यस गाउँपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १० करोड ७४ लाख १ हजार पूँजीगत खर्च गरेको छ । तर गाउँपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन,

नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो।अतः गाउँपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

४२ **बिमा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा बीस लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूर्ण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । ठेक्का नं.२/०७९/८० वडा नं. ६ को कार्यालय भवन निर्माणका लागी २०८०/७/३० सम्म निर्माण कार्य सम्पन्न गर्ने गरी निर्माण व्यवसायी जिज्ञासु बि.सी. निर्माण सेवासँग २०७९/१२/२२ मा रु. ४३९१९१५/- को खरिद सम्झौता भएको छ । खरिद सम्झौताको शर्तमा निर्माण व्यवसायीले सार्वजनिक निकाय र निर्माण व्यवसायीको संयुक्त नाममा जारी भएको सम्झौताको शुरु अवधि देखी मर्मत अवधिसम्म मान्य अवधि भएको बिमा पेश गर्नु पर्ने प्रावधान राखिएकोमा निर्माण व्यवसायीले २०८० फागुन २० देखीमात्र लागू हुने गरी सामुहिक दुर्घटना बिमा गरेको प्रमाण पेश गरी रु.१५८००/- भुक्तानी गरेको देखियो । खरिद सम्झौताको म्याद समाप्त भएपछिमात्र लागू हुने गरी बिमा गराएका कारण सम्झौता अवधि भित्रको जोखिमको प्रत्याभूति हुन नसकेकाले सम्झौता अवधि समाप्त भएपछी गराएको बिमाका आधारमा बिमा वापतको रकम भुक्तानी दिन मिल्दैन ।सम्झौताको शर्त बमोजिम मान्य अवधिको बिमा नगराइ भुक्तानी दिएको उक्त रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,८०० |

४३ **पेश्की रकमको विवरण**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ (क ५) बमोजिम निर्माण व्यवसायीलाई उपलब्ध गराएको पेश्की कुन प्रयोजनमा खर्च भएको हो सोको विवरण अद्यावधिक गर्नु पर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(२) बमोजिम निर्माण व्यवसायीले पेश्की जम्मा गरेको बैंक खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण सार्वजनिक निकायमा नियमित रुपमा उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ । यस पालिकाबाट भएका निर्माण सम्बन्धी खरिद सम्झौतामा सबैजसो निर्माण व्यवसायीलाई सम्झौता बमोजिम पेश्की उपलब्ध गराउने गरेकोमा निर्माण व्यवसायीहरुले नियमितरुपमा पेश्की जम्मा गरेको बैंक खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण पेश गर्ने गरेको देखिएन । पेश्की रकम सम्बन्धित निर्माण कार्य वाहेक अन्य कार्यमा रकम खर्च गरी निर्माण कार्यमा ढिलाइ गर्न सक्ने भएकाले सरकारी रकमको उचित सदुपयोग भए नभएको यकिन गर्न कानूनले तोके बमोजिम नियमितरुपमा पेश्की जम्मा गरेको बैंक खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण पेश गर्न लगाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

४४ **गाउँपालिका प्रशासकीय भवन निर्माण**

३० महिनामा निर्माण कार्य सम्पन्न गर्ने गरी निर्माण व्यवसायी प्राकृतिक हमाल जे.भी. सँग मिति २०७७/३/३० मा रु. ४,७२,६१,१८७/- को खरिद सम्झौता भएकोमा यस वर्ष रु. १,४९,०१,३१४/- भुक्तानी भएको छ । उक्त भवन निर्माण सम्बन्धी कागजात परीक्षण गर्दा देखिएका व्यहोरा देहाय अनुसार रहेका छन् :

४४.१ **बिमा नगराएको** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा बीस लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूर्ण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । यस निर्माण कार्यका निर्माण व्यवसायीले जनशक्ति, उपकरण र कामको बीमा गराएको देखिएन । बीमा नगराउँदा भविश्यमा आइपर्ने सक्ने जोखिमको प्रत्याभूति गरेको देखिएन । निर्माण व्यवसायीलाई नियमावलीले तोके बमोजिमको बीमा गराएर मात्र काम गराउने तर्फ कार्यालयको ध्यान दिनुपर्दछ ।

४४.२ **म्याद थप** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न

गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । यस खरिद सम्झौताको म्याद प्रथम पटक २०८० असार मसान्तसम्म, दोश्रो पटक २०८० असोज मसान्तसम्म र तेश्रो पटक २०८१ असार १५ सम्म थप गरेको देखियो । गाउँ कार्यपालिकाको निर्णयबाट खरिद सम्झौताको म्याद हुँदै आएकोमा म्याद थप गर्नु अगाडि नियमावलीमा उल्लेख भएका कुराहरुको बारेमा विश्लेषण नगरी पटक पटक एउटै कारण देखाई म्याद थप गर्ने गरेको देखियो । निर्माण व्यवसायीले म्याद थपको निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुन: सोही व्यहोरा दोहोरिने गरेको छ । तर निर्माण व्यवसायीले काममा सन्तोषजनक प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । शुरु सम्झौताको म्याद भन्दा १६० प्रतिशत म्याद गुज्रिँदासम्म निर्माण व्यवसायीले ५२ प्रतिशतमात्र काम गरेको देखिन्छ । तसर्थ कार्यालयले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ । साथै कार्यालयले खरिद सम्झौताको म्याद थप गर्दा नियमावलीले तोकेका कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्दछ ।

४४.३ **नन्फाइलर**

✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **१,७१४,३०९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४५ **सवारी साधन खरिद**

सार्वजनिक लेखा समितिको मिति २०६९/१/८ को निर्णयले निर्माण कार्यको रेखदेख सुपरभिजन तथा अन्य कार्य गर्न बजेट व्यवस्था गरी स्रोत साधन व्यवस्थापन गर्ने, ठेक्काको बिल अफ क्वान्टीटिमा राखेर सवारी साधन खरिद गर्ने कार्यमा नियन्त्रण गर्ने उल्लेख छ । सार्वजनिक लेखा समिमिको निर्णय प्रतिकुल हुने गरी देहायका निर्माण कार्यको बिल अफ क्वान्टीटिमा राखेर रु. ९,३२,५००/- को मोटरसाइकल खरिद गरेको छ । सार्वजनिक लेखा समितिको निर्णय प्रतिकुल हुने गरी निर्माण कार्यको बिओक्यूमा राखी सवारी साधन खरिद वापत भुक्तानी गरेको रकम नियम सम्मत नदेखिएको रु.

| ठेक्कानं. | कामको विवरण | खरिद गरेकोसवारी साधन | जमानत रकम |
|---|---|---|---|
| १/०८०/८१ | लुहमफालावाङ्ग मखानटाकुरी सडक | मोटरसाइकल | ३००००० |
| ३/०८०/८१ | कालीखोलाकौलचौर खज्जर हुँदै दाङ्ग जोडने सडक | मोटरसाइकल | ३३२५०० |
| ४/०८०/८१ | लुहाङ्गपोखरीज्यूला ढोरचौर सडक | मोटरसाइकल | ३००००० |
| **जम्मा** | | | **९३२५००** |

| | |
|---|---|
| अनियमित भएको | ९,३२,५०० |

४६ **विमा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा बीस लाख रुपैयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण कार्यमा संलग्न हुने जनशक्ति, मेसिन र सम्पूर्ण निर्माण कार्यको तोकिए बमोजिमको विमा गराउनु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष निर्माण सम्पन्न गराएको कुनै पनि निर्माण कार्यको विमा गराउको छैन । यसले गर्दा निर्माण कार्यको जोखिम बढ्न गई निर्माण कार्य समयमा सम्न्न नहुने जस्ता जोखिम बढेर जान्छ । अत: निर्माण कार्यमा हुने सम्भावित जोखिम न्यूनीकरण गर्न अनिवार्य रुपमा विमा गराउनु पर्दछ ।

४७ **नगर/गाउँ प्रहरी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा गाउँपालिका तथा नगरपालिकाले नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा करारमा नियुक्त गर्न सकिने व्यवस्था छ। पालिकाले यस आर्थिक वर्षमा ४ जना नगर प्रहरी करारमा व्यवस्था गरी रु.११,२७,३६०।– खर्च गरेको छ।पालिकाले यसरी नगर/गाउँ प्रहरीको व्यवस्था गर्दा नगर/गाउँ प्रहरी राख्नुपर्नाको आवश्यकता, औचित्यता एवं धान्न सकिने आन्तरिक स्रोतको विश्लेषण गरेको छैन।यस सम्बन्धमा संचालन तथा व्यवस्थापनको लागि उपयुक्त कार्यवधि समेत बनाएको देखिँदैन। अत: पालिकाले यस्ता खर्च गर्दा आवश्यकता, औचित्यता एवं दीर्घकालीन धान्न सकिने स्रोतसमेतलाई धयान दिनुपर्दछ।

४८ **लेखा श्रेष्ता**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५७(१) मा ऐनको दफा २६ बमोजिम कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने बिल, भरपाई तथा अन्य कागजात सिलसिलाबद्ध रुपमा राख्नु पर्नेछ तथा उपनियम २ बमोजिम भुक्तानी वा पेश्की फस्र्योटको लागि पेश हुने प्रत्येक बिल, भरपाई र सोसाथ संलग्न अन्य कागजात खर्च गर्ने व्यक्तिले तयार गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा पेश गर्नु पर्नेछ। त्यसरी पेश हुन आएको बिल, भरपाई तथा अन्य कागजातलाई खर्च स्वीकृत गर्ने अधिकारीले रकम भुक्तानी दिनु वा फस्र्योट गर्नु अघि प्रमाणित गर्नु पर्ने व्यवस्था छ । पेश्की दिदाँ तथा फस्र्योट गर्दा आवश्यक कागजात संलग्न नगरी भुक्तानी तथा पेश्की दिएको छ। गोश्वरा भौचर तयार गर्दा सम्बन्धि कागजात गोश्वरा भौचरसंग सिलसिलेबार रुपमा राखेको देखिदैन जुन लेखाको सिद्धान्त प्रतिकुल देखिन्छ। खर्चको तेरिज नबनाई अव्यवस्थित रुपमा कागजात राखेको हुँदा त्यसमा लाग्ने कर लगाएतका जोडजम्मा एकिन गर्न कठिनाई उत्पन्न हुने गरी अभिलेख राखेको छ। तोकिएको ढाचाँमा अभिलेख नराख्ने कर्मचारीलाई जिम्मेवार बनाई अभिलेख प्रणालीलाई व्यवस्थित बनाउनुपर्दछ।

४९ **पारिश्रमिक कर**

( ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **६,९४५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५० **तलब भत्ता बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १० मा विल भरपाई सहितको लेखा राख्नुपर्ने र भुक्तानी गर्दा चेकजाँच गरेर मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।सहायक पाँचौं राम बहादुर महराको मिति २०८०।०५।२७ मा नियुक्ती भई मिति २०८०।०६।१८ गतेबाट लागु हुनेगरी राजीनामा स्वीकृत भएकोमा कार्तिक महिनाको तलव र चाडपर्व समेत भुक्तानी भएको देखिन्छ। राजिनामा स्वीकृत भएको मिति सम्मको रु.२७,६८४।१६ भुक्तानी पाउनु पर्नेमा रु.१,२६,५२३।६० भुक्तानी भएको र गो.भौ.नं.६७-२०८०।०६।२२ बाट रु.६८,७१३।०० फिर्ता गरेको देखिन्छ । फिर्ता गर्न बाँकी रु.३०,१२६।४४ सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३०,१२६.४४ |

५१ **बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ नियम को १० मा विल भरपाई सहितको लेखा राख्नुपर्ने र भुक्तानी गर्दा रित पुगे नपुगेको चेकजाँच गरेर मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ।चण्डेश्वरी आ.वि. शैक्षीक सुधार तथा व्यवस्थापन अन्तर्गत रु.५१,७६५।८९ को लागत अनुमान स्वीकृत गरी कार्यसम्पन्न गरेकोमा नापी किताव, प्राविधिक विल र कार्यस्वीकार प्रतिवेदन अनुसार रु.२६,१६३।८७ मुल्यांकन भएको देखिन्छ । भौ.नं. ४०९।२०८१।०३।२४ बाट रु.५०,०००।०० भुक्तानी भएकोले मुल्यांकन भन्दा बढी भुक्तानी भएको रु.२३,८३६।०० असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २३,८३६ |

५२ **संघीय कार्यालयलाई निकासा**

पालिकाले अन्य तहका सरकार अन्तर्गतका निकायलाई रकम निकासा गर्ने कार्यविधि तथा कानुनको निर्माण भएको देखिदैन। संघ, प्रदेश र स्थानीय तह छुट्टाछुट्टै कार्यालय कोड, बजेट प्रणालीबाट सञ्चालन हुने निकाय हुन् । तसर्थ संघीय कार्यालय पालिकाको मातहत रहेका निकाय नभएको तथा संघीय कार्यालयलाई भुक्तानी गर्ने कानुनी प्रावधान नभएकोले बजेट प्रणाली विपरितको कार्य नियन्त्रण गर्नु पर्दछ ।

| **गो.भौ.नं./मिति** | **कार्यालय** | **विवरण** | **रकम** |
|---|---|---|---|
| ६०-२०८०/०७/२० | इलाका प्रहरी कार्यालय, लुहाम | टायर खरिद वापतको रकम भुक्तानी | ५८,०००.०० |
| २४१-२०८१/०३/२२ | जिल्ला निर्वाचन कार्यालय, सल्यान | स्टिल थ्री सिटर/बेन्च खरिद | १४,९९९.०० |
| १८७-२०८०/१२/०२ | इलाका प्रहरी कार्यालय, लुहाम | इन्धन बापतको भुक्तानी | ५०,०००.०० |
| | जम्मा | | १२२,९९९.०० |

## ५३ औषधी खरिद

पालिकाले औषधी खरिद गर्दा तोकिएको मापदण्ड पालना गरी खरिद गर्नुपर्दछ ।पालिकाले समानीकरणबाट रु.७,४५,५००।-,संघीय शशर्तबाट शिलबन्दी मार्फत् रु.६,८८,७७२।– र रु.१०,०१,६६३।– गरी रु.२३,३५,९३५।– को औधधी खरिद गरी जिल्लाका ६ वडाका स्वास्थ्य संस्थालाई वितरण गरेको छ । खरिद गरेका उक्त औषधीको आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने, वडाका स्वास्थ्य संस्थालाई औषधी पठाउदा वास्तविक मागमा आधारित हुने माग यकिन गरी खरिद गरेको प्रमाण संलग्न गर्ने गरेको छैन । तसर्थ औषधीको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधीहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

## ५४ वृत्त चित्र निर्माण

पालिकाले यस पूर्वाधार पर्यटन क्षेत्रको प्रर्वद्धन र विकास एवं विकास योजनाको अभिलेख गर्ने उद्देश्य जनाई वृत्त चित्र निर्माण गरेकोमा वृत्तचित्रमा कुन कुन विषयवस्तु कति समयको रहनेगरी समेट्ने हो सो अनुसार लागत अनुमान तयार गरेको छैन । वृत्तिचित्रको कानुनी स्वमित्व पालिकाको रहने गरी सर्वाधिकार समेत पालिकाले नलिई पुतली दरबार मिडिया ग्रुपलाई रु.१,५९,६६५।०० भुक्तानी दिएको छ । वृत्तचित्रलाई पालिकाले आफ्नो वेभसाइटमा प्रकाशन गरेको नदेखिएकोले को औचित्य समेत पुष्टि हुने आधार देखिएन।पालिकाले निर्माण गरेको भिडीयोको डकुमेन्ट्रीको पूर्ण स्वामित्वमा रहने गरी सम्झौताका बखत नै सूचना तथा विवरण सुरक्षित रहने शर्त राखेर कार्य अगाडी बढाउनुपर्दछ।

## ५५ सफ्टवयेर खरिद

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा संचालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । पालिकाले कोड फ्युजन टेक्नोलोजिक्स प्रा.लि.बाट विद्युतीय स्वास्थ्य सूचना रेकडिङ्ग र रिपोर्टिङ्ग सफ्टवेयर (EHIRRS) खरिद गरी गोश्वारा भौचर नं ६- २०८०।१०।२१ बाट रु.६,९८,३४०/- खर्च गरेकोमा सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । प्रणालीको नियमन, नियन्त्रण, अनुगमन तथा सुरक्षण सुनिश्चित गरी सफ्टवेयर निर्माण एवं उपयोग गर्नुपर्दछ ।

## ५६ बैठक भत्ता

भौचर नं १४७-२०८०।१०।२७ अर्थ मन्त्रालय कार्य संचालन निर्देशिका, २०७७ को परिच्छेद ७ को ७.१.१ मा उल्लेखित बैठक भत्ताको मापदण्ड अनुसार बैठक कार्यालय समय अघि वा पछि सम्पन्न भएको हुनुपर्ने, एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने र कानुन अनुसार गठन भएका समितिहरुको बैठकका लागि मात्र भत्ता प्रदान गर्ने व्यवस्था रहेको छ । पालिकाले आसमान नेपाल नामक संस्थाबाट विद्यालय सम्बन्धी कार्य गर्ने गरी सिकाई सल्लाहकार पदको २०८०।६।२४ र २५ गते भएको छनौट प्रकृयामा कार्यलय समयमा समेत समितिले देहायबमोजिमको बैठक भत्ता बुझिलिएको देखिएकोले सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| क्र.सं. | नामथर | पद | बैठकसंख्या | दर | रकमरु. (कर बाहेक ) |
|---|---|---|---|---|---|
| १ | श्री लक्षमण थापा | | २ | १२०० | २०४० |
| २ | श्री गोपाल शर्मा | | २ | १२०० | २०४० |
| | जम्मा | | | | ४०८० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **२,०४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **२,०४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **२,०४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,०८० |

५७ **कार्यालय समयमा बैठक भत्ता**

भौचर नं १४९-२०८०।१०।२८, अर्थ मन्त्रालय कार्य संचालन निर्देशिका, २०७७ को परिच्छेद ७ को ७.१.१ मा उल्लेखित बैठक भत्ताको मापदण्ड अनुसार बैठक कार्यालय समय अघि वा पछि सम्पन्न भएको हुनुपर्ने, एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने र कानुन अनुसार गठन भएका समितिहरुको बैठकका लागि मात्र भत्ता प्रदान गर्ने व्यवस्था रहेको छ । पालिकाले मिति २०८०।०९।१३ गते कार्यालय समयको दिवा ४ बजे, ३:५० बजे, ९:३० बजे र बिहान समेत गरी एकै दिनका ४ पटक र मिति २०८०।०४।२६ गते समेत बिहान बेलुका बाहेक कार्यालय समयमा समेत शिक्षक छनौट समितिको बैठक भत्ता निम्नानुसार बुझिलिएको हुँदा नियम विपरित बुझिलिएको बैठक भत्ता सम्बन्धितबाट असुल गर्नुपर्ने रु

| क्र.सं. | नामथर | पद | बैठकसंख्या | दर | रकमरु. (कर बाहेक ) |
|---|---|---|---|---|---|
| १ | श्री दल बहादुर बस्नेत | शिक्षक छनौट समिति संयोजक | ६ | १२०० | ६१२० |
| २ | श्री दल बहादुर राना | सदस्य | ५ | १२०० | ५१०० |
| जम्मा | | | | | ११२२० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **६,१२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **४२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ११,२२० |
|---|---|

## ५८ वितरणमुखी कार्य

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ बमोजिम वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालिन पुँजी निर्माण हुने र स्रोत साधनको परिचालन गर्दा महत्तम प्रभाव हुने तरिकाले दिर्घकालिन योजना बनाएर खर्च गर्नुपर्दछ ।पालिकाले देहायका विभिन्न कार्यक्रम अन्तर्गत विभिन्न मालसामान वितरण गरेको छ । दीर्घकालीन प्रभाव नपार्ने कार्यक्रमहरु सञ्चालन गर्दा पालिकाको आर्थिक समुन्नका साथै रोजगारी, उत्पादन तथा आन्तनिर्भरतामा प्रतिकूल असर पर्ने देखिएकोले वितरणमुखी कार्य नियन्त्रण हुनुपर्दछ ।

| क्र.सं. | भौचरनं | कार्यक्रम | विवरण | खर्चरकम रु. |
|---|---|---|---|---|
| १ | ७२-२०८०।०७।२२ | युवाहरुलाई खेलकुद सामाग्री वितरण | भलिवल, फुटवल लगायत | ७५००० |
| २ | ८०-२०८०।०८।१८ | अपाङ्ग तथा जेष्ठ नागरिकलाई सम्मान कार्यक्रम वडा नं ५ | ९५ जनालाई च्वन प्रास र हर्लिक्स वितरण | १००००० |
| ३ | १०१-२०८०।०९।११ | अपाङ्ग तथा जेष्ठ नागरिकलाई सम्मान कार्यक्रम वडा नं ४ | च्वन प्रास र हर्लिक्स वितरण | ५०००० |
| ४ | १५९-२०८०।११।०३ | लक्षित वर्ग कार्यक्रम वडा नं २ | जम्पर र स्वीटर वितरण | १२५००० |
| ५ | १६८-२०८०।११।१५ | अपाङ्ग तथा जेष्ठ नागरिकलाई सम्मान कार्यक्रम वडा नं १ | जम्पर र स्वीटर वितरण | १७५००० |
| ६ | १८०-२०८०।११।२२ | जेष्ठ नागरिकलाई सम्मान कार्यक्रम वडा नं ६ | थर्मस वितरण | २००००० |
| ७ | २८६-२०८१।०२।२७ | जेष्ठ नागरिकलाई सम्मान कार्यक्रम वडा नं ३ | सुईटर र ट्र्याक वितरण | १४४७२८ |
| जम्मा | | | | ८६९७२८ |

## ५९ बढी दरमा दैनिक तथा भ्रमण भत्ता भुक्तानी

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **२,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **१,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

## ६० सोझै खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सिमित हुनेगरी खरिद गर्न नहुने र खरिद नियमावली, २०६४ को नियम ८४ मा रू.१० लाखदेखि २० लाख रुपैयाँ सम्मको सामान सिलबन्दी दरभाउपत्र र सो भन्दा बढीको सामान बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै खरिद नियमावली, २०६४ को नियम ३ मा सामान खरिद गर्नु अगाडी सामानको आवश्यकता, खरिद प्याकेज , खरिद विधि लगायतको विषयको पुर्व तयारी गर्नुपर्ने व्यवस्था छ। पालिकाले मसलन्द तथा कार्यालय सामाग्री शिर्षकमा खरिद सम्बन्धी कुनै तयारी तथा खरिद योजना नबनाई पटक पटक गरी कुल विनियोजन भएको रु. १५,००,०००।०० मध्ये रु.१३,२९,९५५।०० खरिद गरेको छ । आवश्यकता पहिचान गरी ऐनको ब्यबस्था बमोजिम प्रतिस्पर्धाको माध्यमबाट खरिद गरी सरकारी खर्चमा मितव्ययिता र पारदर्शिता कायम गर्नेतर्फ ध्यान दिनुपर्दछ। यस सम्वन्धमा केही उदाहरण निम्न छन ।

| क्र.सं. | भौचरनं र मिति | आपूर्तिकर्ता | विवरण | खर्चरकम रु. |
|---|---|---|---|---|
| १ | ४४-२०८०।०६।२९ | न्यू विकास एण्ड बुक स्टल | कार्यालय मसलन्द | ५३२४० |
| २ | ८६-२०८०।०८।२५ | न्यू महालक्ष्मी अफसेट प्रेस | फोटोकपी लगायत | १६४४६० |
| ३ | १६६-२०८०।११।१४ | न्यू महालक्ष्मी अफसेट प्रेस | मसलन्द कार्यालय सामाग्री | ४३३३५ |
| ४ | १६०-२०८०।११।०३ | त्रिवेणी झलक पुस्तक पसल | नेपाली कागज लगायत | २३९५० |

६१ **तालिम तथा कार्यक्रम सञ्चालन**

तालिम, गोष्ठी, सेमिनार लागायत कार्यक्रम सञ्चालन गर्दा स्वीकृत नर्म्सका आधारमा सञ्चालन गर्नुपर्दछ ।पालिकाले उक्त कार्यक्रमहरु सञ्चालन गर्दा अर्थमन्त्रालय, स्वास्थ्य मन्त्रालय, प्रदेश मन्त्रालय लगायतले जारी गरेको नर्म्स पूर्ण रुपमा पालना गरेको छैन । कार्यक्रम संचालन गर्दा नर्म्स अनुसार नभई बजेट अनुसार यातायात भत्ता खर्च, खाना, खाजा, स्टेशनरी, कार्यपत्र प्रस्तुति, संयोजक भत्ता लगायत खर्च निर्धारण गरी कार्यक्रम स्वीकृत गर्ने र सोही अनुसार कार्यक्रम खर्च भएको जनाई बिल भरपाई संलग्न गरी पेश्की फछर्यौट गर्ने गरेको छ ।कार्यक्रम सञ्चालन पश्चात पेश गरेको बिल भरपाईमा कार्यक्रमको लागत अनुमान तयार गर्ने, तालिम कार्य तालिका संलग्न गर्ने, तालिमको विषय वस्तु सम्वन्धमा तयार गरेको कार्यपत्र, कार्यक्रमको प्रतिवेदन, खर्चको तेरिज लगायत कार्य पुष्टी हुने प्रमाण संलग्न गर्ने गरेको छैन । कुनै पनि कार्यक्रममा स्वीकृत बजेट फ्रिज नहुने गरी खर्च गर्दा खर्च वास्तविक मान्ने अवस्था छैन । यातायात, दैनिक भ्रमण भत्ता खर्च भ्रमण नियमावली अनुसार नभई बजेटको आधारमा भुक्तानी दिने गरेको छ ।पालिकाबाट संचालित एक अर्को तालिम कार्यक्रममा समेत खर्च मापदण्ड मिलान नहुने अवस्था देखिंदा कार्यक्रम खर्च मितव्ययी, नियमितता र औचित्यपूर्ण मान्न सक्ने अवस्था नदेखिएकोले कार्यक्रम खर्चमा भएको वास्तविकता समेत कार्यालयबाटै पुष्टि हुने गरी खर्चको प्रभावकारीता र यथार्थता यकिन गर्नुपर्ने देखिन्छ ।

६२ **मुल्य अभिवृद्धि कर समायोजन**

सार्वजनिक खरिद नियमावली, २०६४ नियम १२४(२) मा निर्माण व्यवसायीले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात र अर्थ मन्त्रालयको पत्र संख्या २०६९/७० च.नं. ३६९ मिति २०६९/६/१७ को परिपत्र बमोजिम मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाणपत्र पेश गरेपछि मात्र धरौटी फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नअनुसार धरौटी फिर्ता गर्दा मूल्य अभिवृद्धि कर समायोजन नलिई फिर्ता गरेकोले मूल्य अभिवृद्धि कर समायोजन पेश गर्नुपर्ने रु.

| गो.भौ.नं./मिती | निर्माण व्यवसायी | फिर्ता रकम |
|---|---|---|
| २७।२०८१।३।२३ | खैरावाङ माइ कस्ट्रक्सन (६०६८९९३५८) | २२९७०२ |
| जम्मा | | २२९७०२ |

| प्रमाण पेश नगरेको | २,२९,७०२ |
|---|---|

६३ **फरक शिर्षक**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **१,११०,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

६४ **नि:शुल्क शिक्षा**

नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ। अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास तथा शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी

विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ । शिक्षा नियमावली, २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग , महिला, दलित र जनजाति विद्यार्थीलाई छात्र वृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ । यसर्थ पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

६५ **स्थानीय भत्ता**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **३३,१२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

६६ **शिक्षक दरवन्दी र पदपूर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस पालिकामा रहेका २९ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| **क्र.स** | **विद्यालय** | **शिक्षक दरबन्दी** | **पदपूर्ति** | **पदपूर्तिमध्ये करार** | **विद्यार्थी संख्या** |
|---|---|---|---|---|---|
| १ | उच्च माध्यामिक तह | २ | २ | २ | २३९ |
| २ | माध्यामिक तह | १५ | १५ | ९ | ५५५ |
| ३ | नि.मा.वि तह | १६ | १६ | ४ | ९७२ |
| ४ | प्रा.वि तह | ९१ | ९१ | २६ | १८१९ |
| ५ | बालविकास | २३ | २३ | २३ | १०८२ |
| **जम्मा** | | **१४७** | **१४७** | **६४** | **४६६७** |

अत: विद्यार्थीको संख्याका आधारमा शिक्षकको पदपूर्ति हुनुपर्दछ।

६७ **छात्रवृत्ति अनुदान**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं ४.२ मा IEMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन भरी विद्यार्थी संख्या यकिन गरी मात्र कक्षा १-५ का गैर आवासीय छात्रा विद्यार्थीलाई वार्षिक रु.४००, ६-८ का गैर आवासीय छात्रा विद्यार्थीलाई वार्षिक रु.४०० र दलित विद्यार्थीलाई रु. ४०० छात्रवृति अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ । पालिकाले IEMIS मा प्रविष्टि भएको तथ्याङ्कको आधारमा पालिका अन्तर्गतका २६ वटा विद्यालयमा रु.४ लाख ४४ हजार निकासा गरेको छ । IEMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन नगरी विद्यार्थी संख्या मात्र यकिन गरी छात्रवृति अनुदान निकासा गरेको नियमसंगत देखिदैन । साथै विद्यालयलबाट छात्रवृत्ति वितरण गरेको भर्पाई पेश भएबमोजिम निम्न विद्यालयको बढी निकासा असुल हुनुपर्ने रु.

| क्र.सं. | विद्यालयको नाम | हुनु पर्ने निकासा | भएको निकासा | बढी निकासा |
|---|---|---|---|---|
| १ | कृष्ण प्रा वि शंखपिपल | २८०० | ३२०० | ४०० |
| २ | नेपाल राष्ट्रिय मा वि | ४०८०० | ४५२०० | ४४०० |
| | **जम्मा** | ४३६०० | **४८४००** | ४८०० |

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,८०० |

६८ **विद्यालयको अनुगमन नियमन व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यामिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण,अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धी कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय सम्बन्धि मापदन्ड तयार गरेको छैन।जसबाट विद्यालय अनुगमन कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकाले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा संचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ।

६९ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा रोजगारीका पर्याप्त अवसर सिर्जना गरी उपलब्ध जनशक्तिको महत्तम उपयोग गर्दै आर्थिक विकासमा योगदान पुर्‍याउने तथा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ बमोजिम प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ।यस कार्यक्रम अन्तर्गत पालिकामा १६ वटा योजना सञ्चालन गरी ९२ जनालाई १०० दिनले रोजगारी उपलव्ध गराई रु.६१,४५,६००/- श्रमिक ज्याला खर्च गरेको छ ।अनुसूची-३ मा सुचिकृत बेरोजगार व्यक्तिलाई न्यूनतम एक सय दिनको रोजगारी उपलब्ध गराउनुपर्ने व्यवस्था भएपनि पालिका अन्तर्गत छनोट भएका योजनामा अधिकतम १०० र न्यूनतम ९५ दिन रोजगार पाएतापनि सुचिकृत भएका ५१२५ व्यक्ति मध्ये ९२ बाहेक ५०३३ जनाले सय दिनको रोजगार प्राप्त गरेको देखिदैन।पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । कार्यक्रमको उद्देश्य अनुरुप बेरोजगार सूचीमा सुचिकृत भएका सम्बन्धित क्षेत्रका बेरोजगारलाई रोजगारी दिने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

७० **मुख्यमन्त्री रोजगार कार्यक्रम**

कर्णाली प्रदेशभित्र कामको सृजना गरी बेरोजगार युवालाई रोजगारी दिने उद्धेश्यले मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ जारी भई मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यविधि, २०७८ अनुसार पालिकामा ७ वटा योजना सञ्चालनमा विनियोजित रु. १ करोड ५ लाख मध्ये रु.९९ लाख ६३ हजार ६ सय खर्च भएको छ। सो सम्बन्धमा देखिएका व्यहोराहरु निम्न अनुसार छनः

७०.१ **रोजगारी स्थिति** - कार्यविधिको परिच्छेद-३ (६) मा मुख्यमन्त्री रोजगार कार्यक्रमबाट विनियोजन भएको रकम श्रमिकको ज्यालामा खर्च गरी श्रमिकको बैंक खातामा निकासा गर्नुपर्ने व्यवस्था छ।कार्यक्रममा छनोट भएका प्रतिवडा १ आयोजनाका दरले ७ वटा कार्यक्रममा श्रमिक ज्याला रु.४६,१५,९३४।– तथा सामाग्री खरिदमा रु.५३,४७,७२६।– खर्च भएको छ । पालिका अन्तर्गत छनोट भएका योजनामा अधिकतम ३७ दिन र न्यूनतम १२ दिन मात्र श्रमिकले रोजगार पाएको देखिन्छ । सुचिकृत भएका व्यक्ति ५१२५ जनाले एक

सय दिनको रोजगार प्राप्त गरेको देखिदैन । ७ वटा कार्यक्रम सम्पन्न गर्न सुचिकृत भएका २४२ जना श्रमिकले रोजगारी प्राप्त गरेका छन । कार्यक्रमको उद्देश्य अनुरुप बेरोजगार सूचीमा सुचिकृत भएका सम्बन्धित क्षेत्रका बेरोजगारलाई रोजगारी दिने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

७०.२ **सार्वजनिक लेखापरीक्षण -** मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को दफा १४ बमोजिम आयोजना कार्यन्वयन गर्ने निकायले अन्तिम भुक्तानी गर्नुपूर्व आयोजनाको लागत, प्रगति विवरण, खर्चका बिल भरपाई, श्रमिकको नाम, प्राप्त रकम र खर्च विवरण लगायतका विषयको सार्वजनिक लेखापरिक्षण गराउनुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सञ्चालित आयोजनाहरुको निर्देशिका बमोजिम सार्वजनिक लेखापरीक्षण गराएको छैन । कार्यविधिले तोकेका सुचकहरु समावेश गरी सार्वजनिक लेखापरीक्षण गर्नुपर्दछ ।

७१ **सामाजिक सुरक्षा भत्ता**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्यक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय तहको हुने व्यवस्था छ । पालिकाले यस वर्ष सामाजिक सुरक्षा भत्ता वितरणका लागि पहिलो, दोस्रो, तेस्रो र चौथो त्रैमासिक किस्ता वापतको कुल रकम रु.७,०२,१८,४४०।- विद्युतीय भुक्तानीबाट सम्बन्धितको खातामा पठाईएको देखिन्छ ।

७१.१ **विवरणको समिक्षा:** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद- ७ दफा ३१ मा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानीय तहले सम्बन्धित गाउँसभामा पेश गर्नुपर्ने, स्थानीय तहले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने व्यवस्था छ।पालिकाले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी यस कार्यविधि बमोजिमको समिक्षा गरेको पाइएन।कार्यविधिको पालना गर्नेतर्फ कार्यलयले ध्यान दिनुपर्दछ।

७१.२ **अभिलेख अद्यावधिक** : सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ मा सामाजिक सुरक्षा प्राप्त गरिरहेका सवै प्रकारका लाभग्राहिले अगामी आर्थिक बर्षमा भत्ता लिनका लागि तोकिएको ढाँचामा सो कार्यविधिको दफा ५(१) मा उल्लेखित समयावधि भित्र सम्बन्धित पालिकामा दरखास्त दिनुपर्ने ब्यवस्था छ।सो कार्यविधिको ५ को उपदफा २ मा यसरी नविकरण नगर्ने लाभग्राहिले पछिल्लो आवमा भत्ता नपाउने उल्लेख गरेकोमा यस पालिकाले सोको परिपालना गरेको पाइएन । मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच वर्ष उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गर्नुपर्दछ । सो सम्वन्धी विवरण अध्यावधिक गरेको पाईएन।तसर्थ भत्ता पाउनेको विवरण अध्यावधिक गरेर मात्र भत्ता वितरण गर्न तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : त्रिवेणी गाउँपालिका, सल्यान , त्रिवेणी गाउँपालिका , सल्यान

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | khum bahadur k.c | २०८०-५-१५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | santosh sapkota | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १५४,४९२.४४ | ४,९१०,६३० | ४,८२८,७७१.९२ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ९,८९३,८९४.३६ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ४,६४८,५२९ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ५,२४५,३६५.३६ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ५९४६८८१८.२१ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २५२८४६००५ | चालु खर्च | २४६२४५२०७.५४ |
| प्रदेश सरकारबाट अनुदान | ३३६१०१०७.५ | पूँजीगत खर्च | १०७४०१५३२ |
| राजश्व बाँडफाँट | ७०६०७०९९.५४ | वित्तीय/अन्य व्यवस्था | १०३६२४३८९.९९ |
| आन्तरिक आय | ६१५९६२८.२ | | |
| अन्य आय | ७९७७२७४९.९८ | | |
| कुल आय | ४४२९९५५९०.२२ | कुल खर्च | ४५७२७११२९.५३ |
| बाँकी मौज्दात | | ४५१९३२७८.९ | |

# सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- सङ्घ तथा प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- स्थानीय तहमा भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा दरबन्दी पुनरावलोकन गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्र्योट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्र्योटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्र्योट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्र्योट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।

- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।
- पालिकामा निर्माणाधीन कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।